# ललितपुर उद्योग वाणिज्य संघ

मंगलबजार, ललितपुर

पो.ब.नं. :- २६ ल.पु.
फोन :- ९७७ १ ५५२१७४०, ५५३०६६३
E-mail: lcci@ntc.net.np, lcci2023@gmail.com
web site : www.lcci.org.np
Facebook: www.facebook.com/lcci.org.np

## ३८ औं वार्षिक साधारण सभा

## एवं

## निर्वाचन सम्बन्धि सूचना

# ललितपुर उद्योग वाणिज्य संघको
## ३८ औं वार्षिक साधारण सभा एवं
## नयां कार्यसमितिको निर्वाचन सम्बन्धी सूचना

**२०७४ भाद्र २० गते**

यस संघको कार्यसमितिको मिति २०७४।५।१९ गतेको निर्णयानुसार ३८ औं वार्षिक साधारण सभा मिति २०७४ आश्विण २७ – २८ गते आयोजना गर्ने निर्णय भएको जानकारी गराउंदछौं । जस अनुसार **३८ औं वार्षिक साधारण सभाको समुद्घाटन र बन्द सत्र २०७४ आश्विण २७ गते वालिफल ललितपुर स्थित अशोक पार्टी पालेसमा र नयां कार्यसमितिको निर्वाचन कार्यक्रम २०७४ आश्विण २८ गते नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ क्लेज) जावलाखेलमा** हुने जानकारी गराउंदछौं ।

सो वार्षिक साधारण सभा तथा निर्वाचनमा सहभागी हुन यही **२०७४ आश्विण ९ गते सोमबारसम्ममा विहान १०:०० बजे देखि सांझ ५:०० बजेसम्ममा रजिष्ट्रेशन गर्नु पर्ने** गरि मिति तोकिएकोले निर्धारित समय भित्र रजिष्ट्रेशन गर्नु हुन अनुरोध गर्दछौं । **रजिष्ट्रेशन शुल्क रु १,०००।–** तोकिएको छ ।

संघको विधानको दफा ४·२(क) १ अनुसार साधारण सभा हुनु भन्दा ६ महिना अगावै सदस्यता लिएका सदस्यहरु र दफा ३·५ अनुसार २०७४ असार मसान्तसम्ममा आ–आफ्ना सदस्यता नविकरण गरिएका सदस्यहरु र दफा ३·६ मा व्यवस्था भए अनुसार नविकरण नभई निस्कृय भइरहेका सदस्यहरुले साधारण सभामा भाग लिन रजिष्ट्रेशनको लागि तोकिएको म्याद अर्थात **२०७४ आश्विण ९ गते सोमबार कार्यालय समय भित्र नविकरण गर्न बांकि अवधिको नियमानुसार लाग्ने वार्षिक शुल्क र प्रत्येक वार्षिक शुल्क बरावरको अतिरिक्त शुल्क समेत बुझाई यस वार्षिक साधारण सभामा भाग लिन पाउने व्यवस्था भएकोछ ।**

विधानको दफा ४·२(क) को उपदफा ४(इ) अनुसार साधारण सभामा भाग लिने सदस्य व्यक्तिगत फर्म भए धनी आफै, साझेदारी फर्म भए साझेदार, कम्पनी वा अन्य भए संचालकले र एशोसियट सदस्यको हकमा संचालक वा कार्यकारी प्रमुख वा प्रबन्धक तहसम्मको व्यक्तिले मात्र भाग लिन पाउने भएकोले साझेदारी फर्मबाट भाग लिने प्रतिनिधिले मञ्जूरीनामा र कम्पनीबाट भाग लिने भए वर्तमान संचालक समितिको नामावली र मुख्य व्यक्तिको नाम तथा साधारण सभामा भाग लिने संचालकको नाम र एशोसियटबाट भाग लिने भए वर्तमान संचालक समितिको नामावली र मुख्य व्यक्तिको नाम तथा साधारण सभामा भाग लिने संचालक/कार्यकारी प्रमुख/प्रबन्धकको नाम कम्पनीको लेटरहेट (लेटर पायड)मा छाप सहित प्रमाणित गरि २०७४ आश्विण ९ गते भित्र पठाउनु होला ।

विधानको दफा ५·२(ख) अनुसार अध्यक्ष, पदाधिकारी तथा सदस्य पदको लागि खडा हुने उम्मेदवारले आफु साझेदारी भए साझेदारीको मञ्जूरी, कम्पनी अन्य प्रतिष्ठान भए संचालक समितिको निर्णय तथा संस्थागत सदस्यको तर्फबाट भए मनोनयन पत्रका साथ कार्यसमितिको निर्णय पेश गर्नु पर्ने जानकारी गराउंदछौं ।

साधारण सभामा संस्थागत सदस्यहरुको हकमा बढीमा चार जनासम्म प्रतिनिधिले नाम दर्ता (रजिष्ट्रेशन) गरि प्रत्येकको रु १,०००।– शुल्क तिरि भाग लिन सक्नेछ । तर मत दिने अवस्थामा संस्थागत सदस्यहरुको तर्फबाट मुख्य प्रतिनिधिले मात्र मत दिन पाउनेछ ।

संघको विधानको दफा ४·२(क) को २(ई) र (ऊ) अनुसार **सभामा विचारार्थ प्रस्ताव राख्न ईच्छुक सदस्यहरुलाई त्यस्ता प्रस्ताव २०७४ आश्विण ९ गते सोमबार भित्र** संघको सचिवालयमा उपलब्ध गराई दिनु हुन पनि अनुरोध गर्दछौं ।

**संलग्न:**
- क) सभामा छलफल हुने विषयसूची
- ख) रजिष्ट्रेशनका लागि निवेदन पत्र
- ग) निर्वाचन हुने पदहरुको विवरण
- घ) निर्वाचन सम्बन्धी कार्यक्रम

**सभामा भाग लिन परिचय पत्र बनाउन बांकी सदस्यहरुले आफ्नो अटोसाईजको फोटो थान दुई संघमा उपलब्ध गराई दिनु अनुरोध गर्दछौं ।**

***रजिष्ट्रेशन गरिसक्नु पर्ने अन्तिम मिति:–२०७४ आश्विण ९ गते सोमबार***

फोन नं ९७७ १ ५५२१७४०, ५५३०६६३

( भरतलाल जोशी )
महासचिव

# ललितपुर उद्योग वाणिज्य संघ

**३८ औं वार्षिक साधारण सभा एवं निर्वाचन सम्वन्धी कार्यक्रम**

**आश्विण २७ गते, २०७४**

स्थानः अशोक पार्टी प्यालेस, बालिफल र

**आश्विण २८ गते, २०७४**

स्थानः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) जावलाखेल

१) **२७ गते शुक्रबार**

क) **प्रथम सत्रः उद्घाटन समारोह**

( विहान १०:०० बजे देखि १२:०० बजे सम्म )

- आसन ग्रहण
- अध्यक्षज्यूबाट स्वागत भाषण
- प्रमुख अतिथिज्यूबाट ३८ औं वार्षिक साधारण सभाको समुद्घाटन
- शुभकामना मन्तव्य
- प्रमुख अतिथिज्यूबाट पुरस्कार वितरण एवं सम्वोधन भाषण
- धन्यवाद ज्ञापन
- जलपान

ख) **दोश्रो सत्रः साधारण सभाको बन्द सत्र (दिनको १:०० – ४:०० बजे सम्म)**

- अध्यक्षको सम्बोधन तथा सोमा छलफल र पारित
- महासचिवबाट संघको वार्षिक प्रतिवेदन तथा भावी कार्यक्रमको प्रस्तुत र सोमा छलफल र पारित
- कोषाध्यक्षद्वारा लेखा परिक्षण प्रतिवेदन सहितको आय-व्यय विवरण र अनुमानित वजेट प्रस्तुति र सोमा छलफल र पारित
- लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने
- विविध

२) **२८ गते शनिबार**

| | |
|---|---|
| क) मतदान | बिहान : ८:०० देखि दिनको २:०० बजे सम्म<br>स्थानः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) जावलाखेल |
| ख) मतगणना र नतिजा प्रकाशन | संघको सचिवालय, मंगलबजार |

# ३८ औं वार्षिक साधारण सभा एवं निर्वाचनबाट निर्वाचित गर्ने कार्यसमितिको रिक्त पद

| क्र.सं. | पद | संख्या | पदपूर्ति प्रक्रिया | मतदान | उम्मेदवार/मतदाता |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | १ | प्रत्यक्ष निर्वाचन | गोप्य | सबै सदस्यहरू (सहभागी हुन दर्ता गरेका सबै) |
| २. | वरिष्ठ उपाध्यक्ष | १ | प्रत्यक्ष निर्वाचन | गोप्य | सबै सदस्यहरू (सहभागी हुन दर्ता गरेका सबै) |
| ३. | उपाध्यक्ष (उद्योग) | १ | प्रत्यक्ष निर्वाचन | गोप्य | उम्मेदवारः साधारण सदस्य (उद्योग) मतदाता: सबै सदस्यहरू |
| ४. | उपाध्यक्ष (वाणिज्य) | १ | प्रत्यक्ष निर्वाचन | गोप्य | उम्मेदवारः साधारण सदस्य (वाणिज्य) मतदाता: सबै सदस्यहरू |
| ५. | उपाध्यक्ष (संस्थागत) | १ | प्रत्यक्ष निर्वाचन | गोप्य | उम्मेदवारः संस्थागत सदस्य मतदाता: सबै सदस्यहरू |
| ६. | उपाध्यक्ष (एशोसियट) | १ | प्रत्यक्ष निर्वाचन | गोप्य | उम्मेदवारः एशोसियट सदस्य मतदाता: सबै सदस्यहरू |
| ७. | महासचिव | १ | प्रत्यक्ष निर्वाचन | गोप्य | सबै सदस्यहरू |
| ८. | कोषाध्यक्ष | १ | प्रत्यक्ष निर्वाचन | गोप्य | सबै सदस्यहरू |
| **९.** | **कार्यसमितिका सदस्यहरू** | | | | |
| ९.१ | साधारण सदस्यहरू (उद्योग) तर्फको सदस्यहरूबाट | ६ | प्रत्यक्ष निर्वाचन | गोप्य | साधारण सदस्य (उद्योग) तर्फको सदस्यहरू |
| ९.२ | साधारण सदस्यहरू (वाणिज्य) तर्फको सदस्यहरूबाट | ७ | प्रत्यक्ष निर्वाचन | गोप्य | साधारण सदस्य (वाणिज्य) तर्फको सदस्यहरू |
| ९.३ | संस्थागत सदस्यहरू मध्येबाट | १ | प्रत्यक्ष निर्वाचन | गोप्य | संस्थागत सदस्यहरू |
| ९.४ | एशोसियट सदस्यहरू मध्येबाट | १ | प्रत्यक्ष निर्वाचन | गोप्य | एशोसियट सदस्यहरू |
| | **जम्मा** | २३ | | | |

# ललितपुर उद्योग वाणिज्य संघ

## निर्वाचन समिति, २०७४ को सूचना

**सूचना नं. १**

मिति: २०७४। ५।२० गते

क) ललितपुर उद्योग वाणिज्य संघको ३८ औं वार्षिक साधारण सभाबाट हुने अध्यक्ष पद १, वरिष्ठ उपाध्यक्ष पद १, उपाध्यक्ष उद्योग पद १, उपाध्यक्ष वाणिज्य पद १, उपाध्यक्ष संस्थागत पद १, उपाध्यक्ष एशोसियट पद १, महासचिव पद १, कोषाध्यक्ष पद १ र कार्यसमिति सदस्य पद १५ (साधारण सदस्य उद्योग क्षेत्रबाट ६ जना, साधारण सदस्य वाणिज्य क्षेत्रबाट ७ जना, संस्थागत क्षेत्रबाट १ जना र एशोसिएट क्षेत्रबाट १ जना) समेतको निर्वाचनको प्रयोजनको लागि यस संघको विधान र सचिवालयबाट सदस्यहरू समक्ष प्रेषित ३८ औं वार्षिक साधारण सभाको सूचना समेतका आधारमा हुने निर्वाचन सम्बन्धी कार्यक्रम निम्न अनुसार रहने हुंदा सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएकोछ ।

| क्र.सं. | कार्यक्रम | मिति र समय | स्थान |
|---|---|---|---|
| १. | मतदाताहरूको नामावली प्रकाशन | २०७४।६।१९ गते विहिबार विहान १०:०० बजे | संघको सूचनापाटीमा |
| २. | मतदाताहरूको नामावलीमा दावी, विरोध दर्ता | २०७४।६।१९ गते विहिबार दिनको १:०० बजे देखि ३:०० बजेसम्म | संघको सचिवालय |
| ३. | मतदाताहरूको नामावलीमा आएको दावी विरोध उपर छानविन गरि अन्तिम नामावली प्रकाशन | २०७४।६।१९ गते विहिबार सांझ ४:०० बजे | संघको सूचनापाटीमा |
| ४. | उम्मेदवारहरूको मनोनयन पत्र दर्ता गर्ने | २०७४।६।२० गते शुक्रबार विहान १०:०० बजे देखि दिउंसो २:०० बजेसम्म | संघको सचिवालय |
| ५. | उम्मेदवारहरूको प्रथम नामावली प्रकाशन | २०७४।६।२० गते शुक्रबार दिउंसो ३:०० बजे | संघको सूचनापाटीमा |
| ६. | उम्मेदवारहरूको नामावली उपर दावी विरोध दर्ता | २०७४।६।२० गते शुक्रबार दिनको ३:१५ बजे देखि ४:१५ बजेसम्म | संघको सचिवालय |
| ७. | उम्मेदवारहरूको नामावली उपर आएको दावी विरोध पछिको संशोधीत नामावली प्रकाशन | २०७४।६।२० गते शुक्रबार दिनको ५:०० बजे | संघको सूचनापाटीमा |

| | | | |
|---|---|---|---|
| ८. | उम्मेदवारहरूको नाम फिर्ता लिन निवेदन दर्ता | २०७४।६।२१ गते शनिबार बिहान १०:०० देखि दिनको २:०० बजेसम्म | संघको सचिवालय |
| ९. | उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन | २०७४।६।२१ गते शनिबार दिनको ३:०० बजे | संघको सूचनापाटीमा |
| १०. | मतदान | २०७४।६।२८ गते शनिबार विहान ८:०० बजे देखि दिउंसो २:०० बजेसम्म | नेपाल प्र.प्र.प्र. स्टाफ कलेज, जावलाखेल |
| ११. | मतगणना र नतिजा प्रकाशन | २०७४।६।२८ गते शनिबार मतगणना मतदान कार्य समाप्त भए पछि । | संघको सचिवालय मंगलबजार |
| १२. | निर्वाचन परिणामको घोषणा मतगणना कार्य समाप्त भए पछि । | | |

**पुनश्च :**

१. निर्वाचन हुने दिन २०७४ आश्विण २८ गते शनिबार दिनको २:०० बजे भित्र लाईनमा प्रवेश गरि सकेका मतदाताहरूले मात्र मतदानमा भाग लिन पाउने छन् ।

२. उम्मेदवारी मनोनयन पत्र संघको सचिवालयबाट २०७४।६।२० गते शुक्रबार विहान ९.०० वजे देखि उपलब्ध गराइने छ ।

३. निर्वाचन सम्बन्धी कार्यविधि संघको सूचना पाटीमा टांस गरिनेछ ।

४. यस निर्वाचन प्रयोजनका लागि नियुक्त निम्न लिखित निर्वाचन समितिका संयोजक / सदस्यहरू मध्ये कुनै एक वा सो भन्दा बढि दस्तखतबाट यस पछिका सूचनाहरू प्रकाशित हुने छन् ।

५. निर्वाचन प्रयोजनको लागि सार्वजनिक विदाको दिनहरूमा समेत यस संघको सचिवालय खुल्ला रहने छ ।

| | | |
|---|---|---|
| ( ऋषिराज सुवेदी ) | ( डिल्लीराम दाहाल ) | ( गिरीराज ज्ञवाली ) |
| सदस्य | सदस्य | संयोजक |

ललितपुर उद्योग वाणिज्य संघको ३८ औं वार्षिक साधारण सभामा भाग लिनका लागि

# निवेदन - पत्र

**प्रतिनिधीको फोटो**

| **परिचय पत्र बनाउन बांकी भएमा मात्र** |
|---|

श्रीमान अध्यक्षज्यू
ललितपुर उद्योग वाणिज्य संघ
ललितपुर

त्यस संघको मिति २०७४।५।..३९. गतेको प्रकाशित सूचना अनुसार ३८ औं वार्षिक साधारण सभाको जानकारी प्राप्त हुन आएकोले उक्त सभामा भाग लिन यस फर्म / कम्पनी / प्रा.लि.को तर्फबाट प्रोप्राइटर / साझेदार / संचालक श्री ..........................................................ले भाग लिने व्यहोरा अनुरोध गर्दछु ।

| **भाग लिनेको दस्तखत नमूना** | **सदस्य नं.** | **फर्म/कम्पनी/प्रा.लि.को नाम** |
|---|---|---|
| | | |

**रजिष्ट्रेशन नं. (संघबाट भर्ने)**

| |
|---|
| |

निवेदकको सहि:–

नाम:– ......................................

**मोबाइल नं.:–** ................................................

**इमेल :–** ......................................................

दर्जा:– ......................................

ठेगाना:– ...................................

........................................................................................................................................

यो निवेदन पत्र २०७४।६।९ गते कार्यालय समय भित्र संघमा दर्ता गरि सक्नु पर्ने छ । सहभागी हुने प्रतिनिधीले आफ्नो परिचय पत्र बनाउन बांकी भएमा अटोसाइजको फोटो २ दूई प्रति यसै निवेदन साथ संलग्न राख्नु पर्नेछ । साथै साझेदार फर्मबाट भाग लिने प्रतिनिधिले मन्जुरीनामा र कम्पनीबाट भाग लिने भए वर्तमान संचालक समितिको नामावली र मूख्य व्यक्तिको नाम तथा साधारण सभामा भाग लिने संचालकको नाम र एशोसियटबाट भाग लिने भए वर्तमान संचालक समितिको नामावलि र मूख्य व्यक्तिको नाम तथा साधारण सभामा भाग लिने संचालक/कार्यकारी प्रमुख/प्रबन्धकको नाम कम्पनीको लेटरहेड (लेटरपायड) मा छाप सहित प्रमाणित गरि यसै साथ संलग्न गर्नु पर्नेछ ।

**पूनश्च : निर्वाचनका दिन परिचय–पत्र बनाउंदा रू. १००।– शुल्क लाग्ने व्यहोरा जानकारी गराउंदछु ।**